समाचार र विचारको स्वतन्त्र संवाहक
कालपृष्ठ
KALPRISTHA DAINIK
वर्षः २९, अंकः६६
बिहीबार, १५ असोज २०८३
(Thursday, 1 Oct. 2026)
पृष्ठः ४, मूल्यः १० ।-
kalpristhanews.com
राष्ट्रिय दैनिक
'क' वर्गमा सूचीकृत

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# महाविधेशन प्रतिनिधिमा पराजित हुने कांग्रेसका 'ह्याबी वेट' नेता

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १४ असोज*



नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधिको लागि भएको निर्वाचनमा बाँके क्षेत्र नम्बर ३ मा पुर्व सांसद देखि लिएर वर्तमान गाउँपालिका अध्यक्ष र उपाध्यक्ष पराजित हुनु भएको छ। बाँके क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसको प्रभावशाली नेता मानिने पुर्व सांसद आशा विक पराजित हुनु भएको हो। बाँकेमा यसपटक महाधिवेशन प्रतिनितिमा पराजित हुनु उहाँ उच्च पदमा पुगेको नेता हो।

समानुपातिक कोटाबाट दुई पटक सांसद बन्न सफल विकलाई युवा नेता पुष्पा सुनारले हराउनु भएको हो। दलित कोटाबाट १ जना उम्मेदवारको लागि आशा विक, पुष्पा कुमारी सुनार र संगिता रजकको उम्मेदवारी परेको थियो। जसमा पुष्पा सुनारले सर्वाधिक २ सय ६७ मत प्राप्त गर्दा, आशा विकले १ सय ९२ र संगिता रजकले ८४ मत पाउनु भयो।

१० जना खुला तर्फ महाधिवेशन प्रतिनिधिको २० जनाको उम्मेदवारी परेकोमा जानकी गाउँपालिका अध्यक्ष छब्बन खाँ पराजित हुनु भएको हो। खुला तर्फको प्रतिस्पर्धामा नेपाली कांग्रेस बाँकेका सह-सचिव बिनोद थारु, नेपाली कांग्रेस क्षेत्र नम्बर ३ (ख) सभापति राजेन्द्र आचार्य तथा कांग्रेसका प्रभावशाली नेता कृष्ण विक रसाईली पनि पराजित हुनु भएको छ।

यसैगरी महिला तर्फको ४ जना महाधिवेशन प्रतिनिधिको लागि भएको निर्वाचनमा जानकी गाउँपालिका उपाध्यक्ष राम प्यारी यादव पनि पराजित हुनु भयो। उक्त समुहबाट उमा कुमारी थापा, गिता गोदार क्षेत्री, निर्मला रोकाय र भावना चौधरीले जित हासिल गर्नु भएको छ।

यसैगरी बाँके क्षेत्र नम्बर २ मा भएको केन्द्रीय महाधिवेशन प्रतिनिधिको निर्वाचनमा वर्तमान लुम्बिनी प्रदेश सभा सदस्यहरू समेत पराजित भएका छन्। क्षेत्र नम्बर २ को निर्वाचनमा माया पुन, सुशिला नेपाली वादी, मिना सिद्दिकी र निवर्तमान प्रदेश सभा सदस्य याकुव अन्सारी (गोब्रे) पनि पराजित हुनु भएको छ।

त्यस्तै अन्य प्रभावशाली नेतामा पर्ने निरन्जन सिंह सिजापति, सुदिप नर्सिङ्ग राणा र ललित रौनियार पनि पराजित हुनु भएको छ। बाँके क्षेत्र नम्बर २ को महाधिवेशन प्रतिनिधिको निर्वाचनमा खुला तर्फ नेपाली कांग्रेस बाँके सचिव सुधान्सु कोइरालाले सर्वाधिक मत र महिला तर्फ निर्वतमान उपमेयर उमा थापा मगरले सर्वाधिक मत पाउनु भएको थियो। त्यस्तै खुला तर्फको १० जनाको लागि भएको निर्वाचनमा नेपालगन्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्ट हारको नजिक पुग्नु भएको थियो। अन्तिम १० जनामा परेर उहाँ महाधिवेशन प्रतिनिधिको लागि छनोट हुनु भएको छ।

> "बाँके क्षेत्र नम्बर ३ मा पुर्व सांसद देखि लिएर वर्तमान गाउँपालिका अध्यक्ष र उपाध्यक्ष पराजित हुनु भएको छ । बाँके क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसको प्रभावशाली नेता मानिने पुर्व सांसद आशा विक पराजित हुनु भएको हो ।

# कांग्रेस महामन्त्रीमा प्रतिस्पर्धा गर्दै अमर सिंह पुन



**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १४ असोज*

नेपाली कांग्रेसको १५औं महाधिवेशनमा लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनले केन्द्रीय महामन्त्री पदमा उम्मेदवारी दिने तयारी बताउनु भएको छ। सभापति पुनले आफू महामन्त्रीको उम्मेदवार बन्ने तयारीमा रहेको र त्यसका लागि पार्टीका नेताहरूसँग समन्वय भइरहेको बताउनु भयो। उहाँले भन्नु भयो, 'एक तहका नेताहरूसँग छलफल र समन्वय भइरहेको छ। महामन्त्रीको तयारी भइरहेको छ। अब केही दिनमा औपचारिक कार्यक्रम गरेर उम्मेदवारी घोषणा हुन्छ।'

नेपाली कांग्रेस लुम्बिनी प्रदेश समितिको पूर्ण बैठकबाट आफूलाई केन्द्रीय महामन्त्रीमा अघि बढाउने विषयमा निर्णय गर्ने तयारी रहेको उहाँले बताउनु भयो। पुन पूर्व सङ्घीय राज्यमन्त्री समेत हुनुहुन्छ। यसअघि भैरहवामा भएको कांग्रेसको प्रदेश अधिवेशनमा भरत शाहलाई पराजित गर्दै पुन लुम्बिनी प्रदेश सभापतिमा निर्वाचित हुनु भएको थियो। पछिल्लो समय कांग्रेस सभापति गगन थापाको नेतृत्वमा विशेष महाधिवेशन गर्नुपर्ने पक्षमा पुनले सार्वजनिक रूपमा आवाज उठाउँदै आउनु भएको छ।

कांग्रेसका नेताहरूका अनुसार पुन पार्टी नेतृत्वसँग समन्वय गर्न सक्ने तथा कार्यकर्तासँग सम्बन्ध स्थापित गर्न सक्ने नेताका रूपमा परिचित हुनुहुन्छ। लुम्बिनी प्रदेशमा मात्र नभई देशभरका कांग्रेस कार्यकर्तासँग समेत उहाँको सम्बन्ध रहेको छ।

# कांग्रेस बाँके क्षेत्र नम्बर ३ को सभापतिमा केशव शाह निर्वाचित

## बादशाहले ल्याए सर्वाधिक मत

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १४ असोज*



क्षेत्र नम्बर ३ को परिणाम आएसँगै नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत बाँकेमा वडा देखि निर्वाचन क्षेत्र सम्मको निर्वाचन सम्पन्न भएको छ। बाँकेको क्षेत्र नम्बर ३ को सभापतिमा केशव बाह निर्वाचित हुनु भएको छ। शाहले ३ सय ९७ मत प्राप्त गर्दा ज्ञान बहादुर ओलीले २ सय २९ मत पाउनु भयो। निर्वाचनमा ६ सय ५८ मत खसेको थियो। क्षेत्र नम्बर ३ मा शाह निर्वाचित भएसँगै बाँकेको प्रदेश र क्षेत्रीय कार्यसमितिले पुर्णता पाएको छ।

त्यसअघि नेपाली काँग्रेस बाँके क्षेत्र नम्बर १ को क्षेत्रीय सभापतिमा पूर्ण प्रसाद आचार्य सर्वसम्मत हुनु भएको थियो। क्षेत्र नम्बर १ सभापतिमा उम्मेदवारी दिनु भएका पोषण केसीले आचार्यलाई समर्थन गरेपछि आचार्य सम्मत हुनु भएको थियो।

बाँके क्षेत्र नम्बर २ को सभापतिमा नरेन्द्र कुमार चौधरी निर्वाचित हुनु भएको छ। निकटतम प्रतिस्पर्धी वीरेन्द्रबहादुर शाहलाई पराजित गरेर उहाँ निर्वाचित हुनु भएको हो।

बाँके क्षेत्र नम्बर ३ बाट केन्द्रीय महाविधेशनको लागि भएको निर्वाचनमा बादशाह कुर्मीले सर्वाधिक मत प्राप्त गर्नु भएको छ। खुला तर्फ १० जना प्रतिनिधिको लागि २० जनाको उम्मेदवारी परेको थियो। जसमा बादशाह कुर्मीले सर्वाधिक ४ सय ३० मत प्राप्त गर्नु भएको हो।

बाँके क्षेत्र नम्बर ३ को खुला तर्फबाट कपिल देव शर्मा, केशर खड्का, खलील खाँ, टंक प्रसाद काफले आशिष, देव बहादुर खत्री, प्रकाश बहादुर शाही, मेघराज ओली, रमेश कुमार बर्मा र हस्त बहादुर शाही निर्वाचित हुनु भएको छ। यसैगरी महिला तर्फ चार जना प्रतिनिधिको लागि पाँच जनाको उम्मेदवारी परेको थियो, त्यसमा उमा कुमारी थापा, गिता गोदार क्षेत्री, निर्मला रोकाय र भावना चौधरी थारु विजयी हुनु भएको छ।

बाँकी ३ पृष्ठमा

# सुशील कोइराला प्रखर क्यान्सर अस्पतालको रेडियोथेरापी सेवा पुनः सञ्चालनमा

**कालपृष्ठ समाचारदाता**

*खजुरा, १४ असोज*

करिब छ महिनादेखि बन्द रहेको बाँकेको खजुरा गाउँपालिका-४ स्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालको रेडियोथेरापी सेवा पुनःसञ्चालनमा आएको छ।

अस्पतालमा जडान गरिएका लिनियर एक्सिलरेटर (लिन्याक) र ब्रेकिथेरापी मेसिन मर्मतपछि सञ्चालन गरिएकाले क्यान्सरका बिरामीले लामो समयदेखि भोग्दै आएको उपचारसम्बन्धी समस्या कम भएको छ।

क्यान्सर उपचारका लागि आवश्यक पर्ने रेडियोथेरापी सेवा बन्द हुँदा धेरै बिरामीलाई अन्य अस्पताल तथा स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यता थियो। बिग्रिएका उपकरण मर्मत गरी सेवा पुनःसञ्चालन गरिएपछि अस्पतालबाटै नियमित रूपमा रेडियोथेरापी उपचार लिन सकिने अस्पताल प्रशासनले जनाएको छ।

अस्पतालका सूचना अधिकारी डा. प्रवीणकुमार गुप्ताका अनुसार लामो समयदेखि सञ्चालनमा आउन नसकेका लिन्याक र ब्रेकिथेरापी मेसिनको आवश्यक मर्मतपछि यसै सातादेखि दुवै उपकरण सञ्चालनमा ल्याइएको हो। "क्यान्सर उपचारमा रेडियोथेरापी महत्वपूर्ण उपचार विधि हो। उपकरणमा आएको प्राविधिक समस्याका कारण लामो समय सेवा प्रभावित भए पनि मर्मतपछि अहिले सेवा पुनःसञ्चालनमा आएको छ", उनले बताए।

लिन्याक नामक उपकरणले क्यान्सर प्रभावित भागमा आवश्यक मात्रामा विकिरण केन्द्रित गरी उपचार गर्न सहयोग गर्छ। त्यसबाट शरीरको प्रभावित भागमा लक्षित रूपमा विकिरण दिइने भएकाले क्यान्सर उपचारमा त्यसको महत्वपूर्ण भूमिका हुन्छ।

त्यस्तै, ब्रेकिथेरापीमा पनि प्रभावित स्थानको नजिकै विकिरणका स्रोत राखेर उपचार गरिने डा. गुप्ताले बताए। दुवै प्रविधि क्यान्सरका विभिन्न अवस्थाका बिरामीको उपचारमा प्रयोग हुने भएकाले उपकरण सञ्चालनमा आउनुलाई अस्पतालले महत्वपूर्ण उपलब्धिका रूपमा लिएको अस्पतालका निर्देशक डा. नीरज भट्टराईले बताए।

उनका अनुसार रेडियोथेरापीका दुवै उपकरण सञ्चालनमा आएपछि बिरामीलाई अन्य अस्पतालमा जानुपर्ने अवस्था धेरै हदसम्म अन्त्य भएको छ। उक्त अस्पताल पछिल्लो समय पश्चिम नेपालका क्यान्सर बिरामीका लागि उपचारको महत्वपूर्ण केन्द्रका रूपमा रहेको छ। अस्पतालमा रेडियोथेरापीबाहेक किमोथेरापी, क्यान्सरसम्बन्धी शल्यक्रिया, सिटीस्क्यान, म्यामोग्राफी तथा भिडियो एक्सरेलगायतका सेवा उपलब्ध छन्।

बाँकी ३ पृष्ठमा

आवश्यकता सम्बन्धी सूचना !

सूचना प्रकाशित मिति : २०८३/०६/१२

यस शिखर ग्रुप अफ इण्डस्ट्रिज अन्तर्गत गणपति डोर एण्ड प्लाईबोर्ड ईण्डस्ट्रिज प्रा.लि., कोहलपुर -१४ पार्वतीपुरको लागी तपशिल बमोजिमका कर्मचारीहरुको आवश्यकता भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले तलको ठेगानामा आवेदन पेश गर्न हुन जानकारी गराईन्छ।

| क्र.सं. | पद | संख्या | योग्यता | अनुभव | उमेर |
|---|---|---|---|---|---|
| ०१ | सुपरभाईजर | २ जना | प्लस टु वा सो सरह उत्तीर्ण भएको। | सुपरभाईजर सम्बन्धी कार्य अनुभव भएको, | २५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको |

**आवश्यक पर्ने कागजातहरु**
- व्यक्तिगत विवरण (CV)
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।
- शैक्षिक प्रमाण पत्रको प्रतिलिपी।
- अनुभवको प्रमाणपत्रको प्रतिलिपी।

**आवेदन बुझाउने ठेगाना**
**मोर्डन डोर्स एण्ड उड प्रोडक्टस प्रा.लि.**
औद्योगीक क्षेत्र, नेपालगंज बाँके
तलब : अनुभव तथा कार्य क्षमताको आभारमा आकर्षक हुने छ।
**थप जानकारीको लागि सम्पर्क नम्बर**
९८०१५४७०११ , ९८०१५४७०१७

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers
लक्ष्मी मिडिया प्रिन्टर्स
बि.पी. चोक, नेपालगंज। फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

# जलवायु न्यायमा हाम्रो दायित्व



गोपीनाथ मैनाली

- बढ्दो तापक्रमले पृथ्वीको प्राकृतिक सन्तुलन बिगार्‍यो
- धनी देशको कार्बन उत्सर्जनले नेपाल जस्ता देश जोखिममा
- नेपालमा खाद्य सुरक्षाको गम्भीर चुनौती थपियो
- जलवायु न्यायका लागि आन्तरिक क्षमता बढाउनु पर्छ

जलवायु परिवर्तनका सन्दर्भमा राष्ट्रसङ्घको ८१ औँ महासम्मेलनमा नेपालका तर्फबाट प्रधानमन्त्री वालेन्द्र शाहले गर्नुभएको सम्बोधनले विश्व मञ्चलाई एउटा ठुलो सन्देश दिएको हुनु पर्छ। कैयन् जलवायु विपत्तिको सामना गरिरहेको नेपालले यसअघि यति ओजनदार र सान्दर्भिक दृष्टिकोण प्रस्तुत गरेको थिएन। यो सम्बोधन नेपालले भोगेको जलवायु विपत्ति र त्यसप्रतिको विश्व समुदायले निर्वाह गर्नुपर्ने जलवायु न्यायमा केन्द्रित जस्तो देखिए पनि यसले जलवायु परिवर्तनका समष्टिगत आयामलाई सैद्धान्तिक रूपमा समेटेको छ। जलवायु परिवर्तन मौन विश्वसङ्कट हो। तत्कालको पीडामा अल्पविकसित मुलुक रहे पनि यसले समस्त प्राणी वनस्पतिको साझा भविष्यप्रति नै चुनौती दिन्छ।

**जलवायु परिवर्तनको असर**

अन्तर्राष्ट्रिय मुद्रा कोषकी तत्कालीन निर्देशक क्रिस्टिने लेगार्डले भने झैँ सन्तुलित वातावरण सवल अर्थतन्त्रको आधार हो। बढ्दो जलवायु जोखिमले अर्थतन्त्र र वातावरणबिचको अन्तरसम्बन्ध खलल पारिरहेको छ, त्यो पनि अविवेकशील मानवीय क्रियाकलापले। सन् १८६० बाट पृथ्वीको तापमान मापन गर्ने क्रम सुरु भएयता तापमान लगातार बढिरहेको छ, पछिल्ला दिन अघिल्ला वर्षको सोही दिनभन्दा तातो बन्दै छन्। यसको मतलब पृथ्वीको प्राकृतिक क्रियाकलापको स्वाभाविक सन्तुलन बिगँरदै छ। यसले पारिस्थितिक प्रणालीलाई चुनौती दिएको छ। १८६० देखि १९९० सम्म ०.६ डिग्री सेल्सियस तापक्रम वृद्धि भएको थियो। १९०६ देखि २००५ सम्मको सय वर्षमा ०.७४ डिग्री तापमान वृद्धि भयो। यही क्रम रहेमा २०५० मा १.७८ डिग्री र २१०० मा तीन डिग्रीभन्दा बढी तापमान बढ्ने सम्बद्ध प्रतिवेदनको आकलन छ तर विद्यमान आर्थिक-औद्योगिक गतिविधिले आकलनभन्दा बढी नै तापमान बढाउला भनी पेरिस जलवायु वार्तामा शताब्दीको अन्त्यसम्म दुई डिग्रीभन्दा उल्लेख्य तल तापमान वृद्धि कायम गर्ने विश्व प्रतिबद्धता जनायो। उत्सर्जन कटौती गर्ने विषयलाई सम्झौतामा समावेश गरिएको थियो। किनकि जलवायु परिवर्तनको असर एकसाथ सबै क्षेत्रमा परिरहेको छ। एकातर्फ जलवायु परिवर्तनले विकासको आधार (इकोसिस्टम) बिगारेको छ, अर्कोतर्फ विकास व्यवस्थापन, विपत् सम्बोधन, पुनर्निर्माण र रहनसहनको लागत बढाइ अर्थतन्त्रको लागत संरचनालाई महँगो बनाउँदै छ।

विश्व तापमान वृद्धिमा विकसित राष्ट्रहरू जिम्मेवार छन्। उनीहरूको आर्थिक-औद्योगिक र उपभोग व्यवहारले हरितगृह ग्यास उत्सर्जन भइरहेको छ, जसले खतराको सीमा पार गरेको छ। यसबाट पीडित भने उत्सर्जन खासै नगर्ने अल्पविकसित मुलुक हुन्। अल्पविकसित मुलुकको लागतमा विकसित देशहरू समृद्ध बनेका छन्। अल्पविकसित मुलुक परम्परागत उत्पादन तथा उपभोगमा छन्, अनुकूलन क्षमता पनि त्यहीँ कमी छ तर असरको भागीदार बन्नुपर्ने बाध्यतामा उनीहरू छन्। त्यसमा पनि पर्वतीय मुलुक र समुद्री किनारका साना टापु मुलुक थेग्नै नसक्ने पीडामा छन्। तापमान वृद्धिले प्रतिकूल मौसमी व्यवहार बढ्न गई बाढीपहिरो, डुबान, हिउँ पग्लिने क्रम बढेको छ। यसबाट जनजीवन बेस्सरी प्रभावित छ, प्रतिवर्ष आर्थिक वृद्धिमा ०.५ देखि एक प्रतिशत हानि हुने र यो क्रम बढ्ने अध्ययनको अनुमान छ। यसै कुरालाई हृदयङ्गम गरी प्रतिवर्ष आयोजना हुने विश्व जलवायु सम्मेलन र अन्य ठुला भेलामा उत्सर्जन कटौती र जलवायु सङ्कटापन्न मुलुकका लागि वित्त तथा प्रविधि सहयोगमार्फत न्याय दिनुपर्ने विषयले कार्यसूची पाउँदै आएको छ तर ती झन्डै औपचारिक देखिएका छन्। राष्ट्रसङ्घीय जलवायु परिवर्तन खाका महासन्धिले देश समान भए पनि जलावायु दायित्व पृथक् छ (कमन बट डिफरेन्सिएल रेस्पोन्सिबिलिटी) को सिद्धान्त स्थापित गरेको छ। यस सिद्धान्तले उत्सर्जकले भुक्तानी गर्नु पर्छ, ऐतिहासिक दायित्वलाई अहिले क्षतिपूर्ति गर्नु पर्छ र भविष्यका लागि उत्सर्जन कटौती गर्नु पर्छ भन्ने आशय राखेको छ। यस अर्थमा विकसित मुलुकहरू आफ्ना कार्यका लागि जिम्मेवार छन्, समस्त प्राणी, वनस्पति र मानव सभ्यता कायम राख्ने दायित्वमा छन् तर विकसित मुलुक आफैँले गरेको जलवायु प्रतिबद्धतामा इमानदार देखिएका छैनन्, उत्सर्जन कटौती र जलवायु वित्तका दुवै लक्ष्यबाट टाढा छन्। अल्पविकसित मुलुकले चाहेको क्षतिपूर्ति हो तर न्याय (सहयोग) पनि पाएका छैनन्। विकसित मुलुकलाई दबाब पनि दिन सकिरहेका छैनन्।

**खाद्य सुरक्षा चुनौती**

प्रश्न उठ्न सक्छ, नेपाल जलवायु परिवर्तनबाट आत्तिनुपर्ने अवस्थामा छ ? केही घटनाक्रम, प्राकृतिक विपत्को बढ्दा क्रम र तथ्यबाट नेपाल जलवायु परिवर्तनको असरबाट धेरै प्रभावित छ। केही घटना देखिएका छन्, कतिपय नदेखिएर मौन रूपमा रहेका छन्, जसको असर पछि देखिने छ। नेपाल चौथो जलवायु सङ्कटापन्न मुलुक हो। कलिला पहाड र भोगौर्भिक संरचनाले जोखिम संवेदनशीलता देखाएको छ। बाढी, भूस्खलन, डुबानका समस्या छिटो छिटो देखिएका छन्। वर्षाको याम, मात्रा र स्वभाव फेरिएको छ। खेती प्रणालीमा असर परी खाद्य सुरक्षा चुनौती देखिएको छ। जलाधारको स्तर घट्दो छ, जैविकी विविधतामा ह्रास आई सर्वसाधारणले लिने इकोसिस्टम सेवा पनि खतरामा छ। समुदायको बानी बेहोरो र दैनिकी बदलिँदै छन्। आर्थिक तथा पूर्वाधार संरचनामा प्रभाव परेको छ। छिमेकी उदीयमान अर्थतन्त्रबाट सिर्जित वातावरणीय प्रभावको मार पनि बढ्दो छ। दुई छिमेकी हरितगृह ग्यास उत्सर्जन परिमाणमा विश्वको पहिलो तथा तेस्रो मुलुक हुन्। उनीहरूको आर्थिक प्रगतिको होडले कार्बन उत्सर्जन लगातार बढ्ने छ। उता जलवायु खाका सन्धिले तत्कालीन अवस्थाका अल्पविकसित यी दुई मुलुक विकसित मुलुकका झैँ दायित्वबाट पनि बाहिर छन्।

राष्ट्रसङ्घको साधारण सभामा नेपालका तर्फबाट राखिएका कुराले प्रतिनिधि रूपमा नेपालको कुरा उठाइए पनि अन्य समग्र जलवायु चिन्ता र विकसित मुलुकको दायित्व स्पष्ट देखिन्छ। प्रधानमन्त्रीले भन्नुभए जस्तै नेपालले भोगेको हिमतालको सङ्कट नेपालको मात्रै होइन, मानवताको सङ्कट हो। हिन्दकुश र आसपासका लागि त हिमाल जीवनाधार हो। जलवायु न्याय दया होइन, जिम्मेवारी हो। प्रदूषकले तिर्नुपर्ने सामान्य सिद्धान्त नै हो। त्यसैले नेपालले दया होइन, न्याय खोजेको छ, दान होइन, अनिवार्य वित्त खोजेको छ, समुत्थानशीलता चाहेको छ। अर्को महत्वपूर्ण विषय विश्व व्यवस्था शक्तिको होइन, न्याय र समानताको आधारमा चल्नु पर्छ। मुलुक जलवायु परिवर्तनका दृष्टिमा भिन्नाभिन्नै भूमिकामा छन्, त्यसलाई पूरा गरेर मात्र न्याय प्राप्त गर्न सकिन्छ। कम उत्सर्जन गर्ने राष्ट्रले बढी क्षति बेहोर्नुपर्ने अवस्था अन्त्य हुनु पर्छ। नेपालले उठाएको आवाज जलवायु पीडितका तर्फबाट सबैको आवाज हो। यस अवस्थामा सङ्कटापन्न मुलुकले पाउनुपर्ने पुँजी, प्रविधि र क्षमता विकासको कुराबाट उत्सर्जकहरू पन्छिनु हुँदैन। संयुक्त राष्ट्रसङ्घ जस्ता विश्व सरकार र बहुराष्ट्रिय मञ्च जलवायु दायित्व निर्वाह गराउने संयन्त्र बन्नु पर्दछ।

तर जलवायु न्याय प्राप्त गर्न नेपालको आफ्नै भूमिका पनि प्रभावकारी पार्नु पर्छ। पहिलो त नेपालले आफ्नो आन्तरिक क्षमता विकास गर्नु पर्छ। विगतमा केही राम्रा कामको सुरुवात गरेर पनि निरन्तरता दिएको छैन। जस्तो कि जलवायु बजेट कोडको अवधारणा विकास र कार्यान्वयन गर्ने नेपाल विश्वको पहिलो मुलुक हो। यसको उद्देश्य जलवायु परिवर्तन नीति र बजेट कार्यक्रमबिचको आबद्धता सबल बनाइ जलवायु वित्तमा पहुँच बढाउने प्राविधिक आधार थियो। त्यसलाई केही वर्षदेखि अवधारणामा मात्र सीमित गरिएको छ। असल अभ्यासमा गनिएको यस संयन्त्रलाई धेरै सङ्कटापन्न मुलुकले अनुसरण र संस्थागत गरेका छन्। अर्को, नेपालले जलवायु परिवर्तनको कृषि तथा जलाधारमा पर्ने असर अध्ययन गरी तथ्य निर्माण गरेको थियो। नेपालको सामुदायिक वन अर्को असल अभ्यास हो। जलवायु परिवर्तन सहयोगबाट जल मौसम आकलन प्रणाली भरपर्दो बनाइएको छ तर अन्य क्षेत्रमा पूर्व सूचना/सचेतना प्रणाली विकास भएन।

इसिमोड जस्ता प्राविधिक संस्था नेपालमै भएर पनि हिन्दकुश क्षेत्रको जलवायु ज्ञान केन्द्र नेपाललाई बनाउन चुकिएको छ। वनबाट कार्बन सञ्चिति तथा स्वच्छ ऊर्जाबाट लिन सक्ने फाइदाका लागि ज्ञानआधार बनाउने काम बाँकी छ। जलवायु वार्ता सामान्य काम होइन ज्ञान, तथ्य, कानुन र प्रविधि चाहिने विषय हो। नेपालले विश्व मञ्चमा राख्ने विषय तथ्यपूर्ण र विश्वसनीय हुनु पर्छ। यसका लागि समर्पित निकाय चाहिन्छ, त्यहाँभित्र क्षेत्रगत ज्ञान र अनुभव भएका विज्ञ चाहिन्छ, कार्बन लेखाङ्कन क्षमता चाहिन्छ। त्यसपछि कोप वार्तामा प्रस्तुति दह्रिलो हुन्छ र नेपालले जलवायु वित्तमा पहुँच बढाउन सक्छ। हरित जलवायु कोषलगायत जलवायु समर्पित कोषबाट अनुदान लिन औचित्यपूर्ण प्रस्ताव बनाउन सकिन्छ। अर्को महत्वपूर्ण पक्ष पहाडी देशको समूह (माउन्टेन एलाएन्स एनिसिएटिभ) निर्माण गरी साझा आवाज निर्माण गर्ने, अल्पविकसित मुलुकको समूह र अन्य समूह उपयोग गर्ने वार्ता क्षमता चाहिन्छ। अनि मात्र हामीले जलवायु न्याय प्राप्त गर्दै विश्वका सबै मुलुकलाई समस्त प्राणीको साझा भविष्यप्रति जिम्मेवार बनाउन सक्दछौँ।-गोरखापत्र

## स्वास्थ्य

# पहिल्यै जानेको कुरा बच्चाले बिर्सँदै गएको छ ? हुन सक्छ डिमेन्सिया

डिमेन्सिया भन्नेबित्तिकै धेरैलाई वृद्ध उमेरमा देखिने अल्जाइमर रोगको सम्झना आउँछ होला। तर डिमेन्सिया बालबालिकामा पनि हुन सक्छ। हरेक वर्ष सेप्टेम्बरमा मनाइने बाल्यकालीन डिमेन्सिया दिवसले यसबारे जनचेतना फैलाउने प्रयास गर्छ।

बाल्यकालीन डिमेन्सिया कुनै एउटा रोगको नाम होइन। यो मस्तिष्कलाई क्रमशः क्षति पुऱ्याउने दुर्लभ आनुवंशिक रोगहरूको समूह हो। सन् २०२३ मा साइन्स जर्नल ब्रेनमा प्रकाशित अध्ययनले बाल्यकालीन डिमेन्सिया गराउन सक्ने कम्तीमा १४५ वटा आनुवंशिक अवस्था पहिचान गरेको थियो। यी रोग छुट्टाछुट्टै भए पनि समग्रमा हेर्दा तिनको प्रभाव बढ्दै गएको छ। करिब २ हजार ९०० बच्चा मध्ये एक जना बच्चामा यस्तो हुने गर्छ।

बच्चाहरूको विकासको गति फरक-फरक हुन्छ। कोही ढिलो बोल्छन्, कोही हिँड्न, पढ्न वा सिक्न बढी समय लिन्छन्। त्यसैले ढिलो विकास हुँदैमा गम्भीर रोग छ भन्न मिल्दैन। तर बच्चाले पहिले हासिल गरिसकेको सीप क्रमशः गुमाउन थाल्यो भने त्यसलाई विशेष ध्यान दिनुपर्छ।

उदाहरणका लागि, पहिले विद्यालय जाने, साथीहरूसँग खेल्ने, आफ्नो नाम लेख्ने र सामान्य कुराकानी गर्ने बच्चाले पछि पढेका कुरा बिर्सन सक्छ। विद्यालयको काममा कठिनाइ आउन सक्छ, पहिले सजिलै बोल्ने शब्द बिर्सिन सक्छ, हिँड्दा लड्न सक्छ वा दैनिक कामका लागि अरूको सहयोग चाहिन सक्छ। यस्तो परिवर्तनलाई अल्छी भयो, पढाइमा कमजोर भयो वा बिग्रियो भनेर मात्रै बुझ्नु हुँदैन।

पहिले हासिल गरेको क्षमता गुम्दै जानुलाई चिकित्सकीय भाषामा विकासात्मक क्षमताको ह्रास भनिन्छ। यो बाल्यकालीन डिमेन्सियासहित विभिन्न स्नायु तथा शरीरको भित्री प्रक्रियासम्बन्धी रोगको चेतावनीको संकेत हुन सक्छ। त्यसैले अभिभावक र शिक्षकले बच्चाले नयाँ कुरा सिक्न ढिलो गरेको हो कि पहिले सिकेको कुरा गुमाउँदै गएको हो भन्ने छुट्ट्याउनुपर्छ।

**कस्ता लक्षण देखिन सक्छन् ?**

लक्षण बच्चाअनुसार फरक हुन्छन्। स्मरणशक्ति र सिकाइ कमजोर हुँदै जानु, पहिले बोल्ने शब्द बिर्सनु, बोल्न कठिन हुनु, ध्यान वा बुझाइमा कमी आउनु, व्यवहार र व्यक्तित्व बदलिनु यसका सम्भावित संकेत हुन्। निद्रामा गम्भीर समस्या, हिँडडुल र सन्तुलन बिग्रनु जस्ता लक्षण देखिन सक्छ।

रोग बढ्दै जाँदा केही बच्चाले बोल्ने, हिँड्ने, पढ्ने, लेख्ने वा खेल्ने जस्ता क्षमता गुमाउन सक्छन्। समयसँगै मस्तिष्कको काम गर्ने क्षमता घट्दै जानु यस समूहका रोगको मुख्य विशेषता हो।

बाल्यकालीन डिमेन्सिया गराउने अवस्था प्रायः आनुवंशिक हुन्छन्। आनुवंशिक परिवर्तनका कारण मस्तिष्कका कोषले आवश्यक पदार्थ बनाउन वा प्रशोधन गर्न नसक्ने, हानिकारक पदार्थ जम्मा हुने, कोषमा ऊर्जा उत्पादनमा समस्या आउने वा स्नायु कोष क्रमशः बिग्रने हुन सक्छ। ब्याटन रोग, निमान-पिक रोगको 'सी' प्रकार, सानफिलिपो सिन्ड्रोम, माइटोकन्ड्रियासम्बन्धी ल्यूकोडिस्ट्रोफीह रोग




र मस्तिष्कको सेतो भागलाई असर गर्ने केही रोग यस समूहमा पर्छन्।

सबै रोग एउटै उमेरमा सुरु हुँदैनन्। केहीका लक्षण शिशु अवस्थामै देखिन सक्छन् भने अरूमा बाल्यकाल वा किशोरावस्थासम्म विकास सामान्य देखिन सक्छ।

**पहिचानमा किन ढिलाइ हुन्छ ?**

यी रोग दुर्लभ भएकाले पहिचान गर्न कठिन हुन सक्छ। सुरुवाती लक्षण विकासमा ढिलाइ, आत्मकेन्द्रित व्यवहार, ध्यानसम्बन्धी समस्या, मिर्गी जस्तो समस्या, सिकाइको कठिनाइ वा व्यवहारमा आएको परिवर्तनजस्ता अन्य अवस्थासँग मिल्न सक्छन्। बच्चाको क्षमतामा समयसँगै आएको परिवर्तन बुझ्नु महत्त्वपूर्ण हुन्छ।

अभिभावकले बच्चाको पहिलाको र अहिलेको अवस्था तुलना गरेर स्वास्थ्यकर्मीलाई बताउनुपर्छ। पुराना विद्यालयका प्रतिवेदन, बच्चाले पहिले गर्न सक्ने कामको विवरण र उपलब्ध भए पुराना भिडियोले परिवर्तनको क्रम बुझ्न मद्दत गर्न सक्छन्। अवस्थाअनुसार बालरोग विशेषज्ञ, बाल स्नायु रोग विशेषज्ञ, आनुवंशिक रोग विशेषज्ञ लगायतको टोलीले मूल्यांकन गर्न सक्छ। रोगको प्रकृतिअनुसार परीक्षणको एमआरआई, मस्तिष्कको विद्युतीय गतिविधि जाँच, शरीरको रासायनिक प्रक्रियासम्बन्धी परीक्षण वा आनुवंशिक परीक्षण गरिन सक्छ।

अधिकांश बाल्यकालीन डिमेन्सियाको पूर्ण उपचार अहिले उपलब्ध छैन। तर निदान भएपछि बच्चालाई सहयोग गर्न धेरै उपाय अपनाउन सकिन्छ। मिर्गी र अन्य लक्षण नियन्त्रण गर्ने, पोषण तथा निल्ने समस्याको हेरचाह गर्ने र बच्चाको आवश्यकताअनुसार शारीरिक अभ्यास, दैनिक गतिविधिमा सहयोग तथा बोली र भाषाको उपचार उपलब्ध गराउन सकिन्छ। केही दुर्लभ रोगका उपचार र नयाँ उपायबारे अनुसन्धान पनि भइरहेको छ।

रोगको प्रगति रोक्न नसकिने अवस्थामा पनि बच्चालाई सहज राख्ने, दैनिक क्षमता जोगाउने र जीवनको गुणस्तर सुधार्ने हेरचाह महत्त्वपूर्ण हुन्छ। आनुवंशिक रोग भएकाले परिवारलाई भविष्यको जोखिम बुझ्न आनुवंशिक परामर्शले सहयोग गर्न सक्छ।

**नेपालमा थप सहयोगको आवश्यकता**

नेपालमा बाल्यकालीन डिमेन्सियाको वास्तविक अवस्था देखाउने पर्याप्त राष्ट्रिय तथ्यांक छैन। त्यसैले अन्तर्राष्ट्रिय अनुमानलाई नेपालको अवस्था भनेर प्रस्तुत गर्न मिल्दैन। दुर्लभ रोगका विशेषज्ञ सेवा, आवश्यक परीक्षण र आनुवंशिक जाँच सबै ठाउँमा सहज नहुन सक्छन्। उपचार र हेरचाहको खर्चले परिवारलाई थप कठिनाइमा पार्न सक्छ।

यस अवस्थामा पहिलो कदम महँगो परीक्षण गर्नु मात्रै होइन, बच्चाको क्षमतामा आएको परिवर्तन समयमै चिन्नु हो। पहिले बोल्ने शब्द बिर्सनु, विद्यालयमा पहिलेजस्तो काम गर्न नसक्नु, हिँडडुलमा परिवर्तन आउनु वा पहिले हासिल गरेको सीप गुमाउनुको कारण खोजिनुपर्छ।

बालरोग विशेषज्ञ, स्नायु रोग विशेषज्ञ, पुनर्स्थापना सेवा, विद्यालय र परिवारबीच समन्वय बढाउन आवश्यक छ। रोग पहिचानपछि परिवारले दीर्घकालीन सहयोग पाउने व्यवस्था पनि उत्तिकै महत्त्वपूर्ण छ।

यस्तो निदान खोज्ने प्रक्रिया, उपचार खर्च, विद्यालयको आवश्यकता र भविष्यको अनिश्चितताले परिवारलाई मानसिक, सामाजिक र आर्थिक भार पार्न सक्छ। त्यसैले बच्चासँगै अभिभावक र परिवारलाई सही सूचना, मनोसामाजिक सहयोग, पुनर्स्थापना सेवा र निरन्तर हेरचाह आवश्यक हुन्छ। विद्यालय र समुदायले क्षमता घट्दै गएको बच्चालाई दोष दिनुभन्दा परिवर्तनको कारण बुझ्ने प्रयास गर्नुपर्छ।

सन् २०२६ को बाल्यकालीन डिमेन्सिया दिवसको सन्देश 'अब पर्खन सकिँदैन' भन्ने छ। प्रभावित बच्चा र परिवारले पहिचान र सहयोगका लागि वर्षौँ कुर्नु नपरोस् भन्नेतर्फ यो सन्देशले ध्यान खिच्छ।-अनलाइन खबर

# गौतम बुद्ध विमानस्थल अन्तर्राष्ट्रिय उडानको प्रतीक्षामा

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १४ असोज*



मुलुकको पर्यटन तथा हवाई पूर्वाधार विस्तारका लागि राज्यले धेरै लगानीमा निर्माण गरेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित अन्तर्राष्ट्रिय उडानका पर्खाइमा रहेको छ। विमानस्थल निर्माण सम्पन्न भई सञ्चालनमा आएको साढे चार वर्ष पुग्न लाग्दासमेत नियमित अन्तर्राष्ट्रिय उडान हुन नसक्दा विमानस्थलको भविष्यलाई लिएर रूपन्देहीको निजी क्षेत्र र स्थानीय बासिन्दामा पुनः चिन्ता बढेको छ।

विमानस्थललाई केन्द्रमा राखेर होटल, पर्यटन, यातायात तथा विभिन्न उद्योग व्यवसायमा ठुलो लगानी गरेका व्यवसायीले नियमित अन्तर्राष्ट्रिय उडानका लागि पटकपटक सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्। प्रधानमन्त्री, पर्यटनमन्त्री, सङ्घीय सांसद तथा सम्बन्धित मन्त्रालय र निकायसमक्ष ज्ञापनपत्र, छलफल, धर्ना र आन्दोलनमार्फत माग राख्दै आए पनि अपेक्षित परिणाम नआएको व्यवसायीको गुनासो छ।

राज्यले करिब रु ३५ अर्ब लगानी गरेर निर्माण गरेको विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित हुन नसक्दा निजी क्षेत्रको लगानीसमेत जोखिममा परेको व्यवसायी बताउँछन्। विमानस्थल सञ्चालनमा आउने अपेक्षामा भैरहवा र आसपासका क्षेत्रमा होटल, पर्यटन पूर्वाधार, यातायात तथा अन्य व्यवसायमा ठुलो लगानी भए पनि नियमित हवाई सम्पर्कको अभावमा त्यसबाट अपेक्षित प्रतिफल लिन नसकिएको उनीहरूको भनाइ छ।

पर्यटन व्यवसायी तथा नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) लुम्बिनीका पूर्वअध्यक्ष सागर अधिकारीका अनुसार विमानस्थललाई केन्द्रमा राखेर निजी क्षेत्रले गरेको लगानी राज्यको लगानीभन्दा दोब्बर बढी छ। "विमानस्थल सञ्चालनमा आउँछ, नियमित अन्तर्राष्ट्रिय उडान हुन्छ र लुम्बिनीमा पर्यटकको आगमन बढ्छ भन्ने विश्वासमा निजी क्षेत्रले लगानी गरेको हो। तर, लामो समयदेखि नियमित उडान नहुँदा लगानीबाट अपेक्षित प्रतिफल आउन सकेको छैन", उहाँले भन्नुभयो।

विमानस्थल सञ्चालनमा आएदेखि नै व्यवसायीले तत्कालीन विभिन्न सरकारसँग अन्तर्राष्ट्रिय उडान नियमित गराउन आग्रह गर्दै आएका छन्। तत्कालीन प्रधानमन्त्रीहरू केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड' र शेरबहादुर देउवासमक्ष समेत व्यवसायीले कम्तीमा एउटा वायुसेवाबाट नियमित उडान सुरु गराउन माग राखेका थिए। विभिन्न समयमा केही वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडान गरे पनि ती उडान निरन्तर हुन सकेनन्।

नियमित उडानका लागि निजी क्षेत्रले गरेको दबाबका बाबजुद समस्या समाधान हुन नसकेको सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले बताउनुभयो। उहाँका अनुसार पछिल्लो राजनीतिक परिवर्तनपछि निजी क्षेत्रमा नयाँ सरकारबाट केही आशा पलाएको छ।

"यति ठुलो सम्भावना बोकेको विमानस्थलमा कम्तीमा एउटा वायुसेवाको नियमित उडान सञ्चालन गर्न सरकारले पहल गर्न सक्छ। तर, विगतमा त्यो हुनसकेन", उहाँले भन्नुभयो, "नयाँ सरकार बनेपछि केही आशा पलाएको छ। सरकारले भैरहवाको विमानस्थललाई प्राथमिकतामा राखेर पहल गर्नुपर्छ।"

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले कार्यभार सम्हालेपछि रूपन्देहीका पर्यटन तथा उद्योग व्यवसायीले विमानस्थल सञ्चालनको विषय पुनः उठाउँदै आएका छन्। व्यवसायीका प्रतिनिधिमण्डलले प्रधानमन्त्रीदेखि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीसम्म भेट गरी विमानस्थल सञ्चालन र नियमित अन्तर्राष्ट्रिय उडानका लागि पहल गर्न आग्रह गरेका छन्।

यहीबिच पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा फ्लाई दुबईले सेप्टेम्बर २३ देखि दुबई-पोखरा दैनिक उडान सुरु गरेको छ। बोइङ ७३७ म्याक्स-८ विमानमार्फत सुरु भएको उक्त उडानले पश्चिम नेपालमा अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तारको नयाँ सम्भावना देखाएको छ।

पोखरामा अन्तर्राष्ट्रिय उडान सुरु भएपछि भैरहवाका व्यवसायीमा पनि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट पुनः नियमित उडान सुरु हुने अपेक्षा बढेको छ। पोखरा र भैरहवा दुवै पश्चिम नेपालका महत्त्वपूर्ण अन्तर्राष्ट्रिय विमानस्थल भएकाले सरकारले दुवै विमानस्थललाई नियमित अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोड्न आवश्यक पहल गर्नुपर्ने व्यवसायीको भनाइ छ।

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हालसम्म ६९ हजार ३७७ यात्रुले अन्तर्राष्ट्रिय सेवा लिएका छन्। यस अवधिमा एक हजार २२२ वटा सेड्युल तथा चार्टर अन्तर्राष्ट्रिय उडान भएका छन्। ती उडानबाट विभिन्न मुलुकबाट ३१ हजार ९३२ यात्रु नेपाल आएका छन् भने ३७ हजार ४४५ यात्रु बाहिरिएका छन्।

विमानस्थलबाट पछिल्लोपटक सन् २०२६ मार्च २५ मा थाइ एयर एसियाले बैङ्कक-भैरहवा र भैरहवा-बैङ्कक उडान गरेको थियो। उक्त उडानबाट बैङ्ककबाट १४ यात्रु भैरहवा आएका थिए भने भैरहवाबाट १०६ यात्रु बैङ्कक गएका थिए।

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी पवन अग्रहरीका अनुसार त्यसयता विमानस्थलमा कुनै अन्तर्राष्ट्रिय उडान भएको छैन। तत्कालका लागि अन्तर्राष्ट्रिय उडानको नयाँ सेड्युलसमेत प्राप्त नभएको उहाँले बताउनुभयो। "माथिल्लो तहबाट के तयारी भइरहेको छ भन्नेबारे हामीलाई जानकारी छैन। तत्काल अन्तरराष्ट्रिय उडान हुने सेड्युल भने छैन", उहाँले भन्नुभयो।

विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा आकर्षित गर्न सरकारले पार्किङ तथा इन्धनलगायतका क्षेत्रमा विभिन्न छुट तथा सहुलियतको व्यवस्था गरे पनि विमानस्थलबाटै अन्तर्राष्ट्रिय यात्रुका लागि आवश्यक कतिपय सेवा सहज रूपमा उपलब्ध हुन नसकेको व्यवसायीको भनाइ छ। भिसा सेन्टर, नो अब्जेक्सन लेटर, स्वास्थ्य परीक्षण, बिमा, म्यानपावरलगायतका सेवा सम्बन्धित कार्यालयबाट उपलब्ध हुन नसक्दा विमानस्थल सञ्चालनको वातावरण पूर्ण रूपमा तयार हुन नसकेको उनीहरूको गुनासो छ।

व्यवसायीका अनुसार अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भएपछि लुम्बिनी आउने विदेशी पर्यटकको संख्या बढ्ने, होटल तथा पर्यटन व्यवसाय विस्तार हुने, रोजगारी सृजना हुने र भैरहवा आसपासको व्यापारिक गतिविधि बढ्ने अपेक्षामा निजी क्षेत्रले लगानी गरेको हो। तर, नियमित उडान नहुँदा ती अपेक्षा पूरा हुनसकेका छैनन्।

रूपन्देहीबाट प्रतिनिधित्व गर्ने सांसदहरूले समेत सङ्घीय संसद्मा पटकपटक गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको विषय उठाउँदै आएका छन्। व्यवसायीले भने संसद्मा आवाज उठाउनेदेखि सडक आन्दोलनसम्मका प्रयास गर्दा पनि विमानस्थल नियमित सञ्चालनको ठोस आधार बन्न नसकेको बताएका छन्।

विमानस्थलको धावनमार्ग, टर्मिनल भवनलगायतका प्रमुख पूर्वाधार तयार छन्। विमानस्थल सञ्चालनका लागि निजी क्षेत्रले होटल तथा अन्य पर्यटन पूर्वाधारमा समेत लगानी गरिसकेको छ। तर, नियमित अन्तरराष्ट्रिय उडान नहुँदा तयार पूर्वाधारको पूर्ण क्षमतामा उपयोग हुनसकेको छैन।

अहिले रूपन्देहीको निजी क्षेत्रको मुख्य चासो विमानस्थल निर्माणको विषयभन्दा पनि नियमित अन्तर्राष्ट्रिय उडान कसरी सुनिश्चित गर्ने भन्नेमा केन्द्रित छ। पोखरामा फ्लाई दुबईको नियमित उडान सुरु भएपछि भैरहवामा पनि त्यस्तै गरी कम्तीमा एउटा अन्तर्राष्ट्रिय वायुसेवाबाट नियमित उडान सञ्चालन गराउन सकिने आशा व्यवसायीले गरेका छन्।

लुम्बिनी बुद्ध जन्मस्थल हुनुका साथै पश्चिम नेपालका प्रमुख पर्यटकीय गन्तव्यसँग जोडिएको क्षेत्र भएकाले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई नियमित अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोड्न सके त्यसको प्रभाव लुम्बिनीको पर्यटनसँगै रूपन्देहीको उद्योग, व्यापार र सेवा क्षेत्रमा समेत पर्ने व्यवसायीको अपेक्षा छ।

राज्यको ठुलो लगानीमा निर्माण भएको विमानस्थल, निजी क्षेत्रको ठुलो लगानी र लुम्बिनीको अन्तर्राष्ट्रिय पर्यटन सम्भावनालाई एकै ठाउँमा जोडेर हेर्दा अब गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई नियमित उडानमा ल्याउने ठोस पहलको प्रतीक्षा भइरहेको छ। व्यवसायीका लागि यो केवल एउटा विमानस्थल सञ्चालनको विषय नभई वर्षौंदेखिको लगानी, रोजगारी र लुम्बिनीको पर्यटन विकाससँग जोडिएको विषय बनेको छ। रासस

# राप्ती सोनारी गाउँपालिका अनुदान शिक्षकको प्रर्दशन

**कालपृष्ठ समाचारदाता**

*राप्ती सोनारी, १४ असोज*

आफुहरूको तलब बृद्धि गर्नुपर्ने लगायतका माग राखेर राप्ती सोनारी गाउँपालिका अनुदान शिक्षक संघर्ष अनुदान शिक्षक संघर्ष समितिका संयोजक प्रतापसिंह थारुले हाल खाईपाई आएको तलब वर्तमान बजार मुल्य र जीवनयापन खर्चसँग मेल नखाने भएकोले शिक्षकहरूको तलब संरचना पुनरावलोकन गरी आबद्ध गराई सामाजिक सुरक्षा प्रणाली पूर्ण रूपमा कार्यान्वयन गरिनुपर्ने लगायतका मागहरू राखेका छन्। गाउँपालिका अनुदान शिक्षकहरूको आन्दोलनका विषयमा राप्ती सोनारी गाउँपालिका




समितिले बुधबार प्रर्दशन गरेको छ। राप्ती सोनारी गाउँपालिका कार्यालय अगैयामा पुगेर समितिको अगुवाईमा शिक्षकहरूले प्रर्दशन गरेका हुन्। शिक्षकहरूले प्लेकार्ड सहित गाउँपालिकाको मुलगेटमा नाराबाजी गरेका थिए।

राप्ती सोनारी गाउँपालिका समयानुकुल र न्यायोचित नेपाल सरकारले प्रदान गर्ने तलब स्केलमा दिने ब्यवस्था गर्नुपर्ने लगायतका मागहरू राखिएको बताए।

यस्तै शिक्षकहरूले सामाजिक सुरक्षा कोषमा गाउँपालिका अन्तर्गत कार्यरत सबै शिक्षकहरूलाई अनिवार्य रूपमा कार्यालयले औपचारिक रूपमा कुनै प्रतिक्रिया भने दिएको छैन। गाउँपालिकाका प्रवक्ता एवम् राप्ती सोनारी ४ का वडाअध्यक्ष मिनराज खड्का 'सन्तोष' ले गाउँपालिका अनुदान शिक्षकको मागका विषयलाई गम्भिरता पूर्वक लिइएको बताए।

# घोराहीमा सुपथ मूल्य पसलमा उपभोक्ताको आकर्षण बढ्दै

**कालपृष्ठ समाचारदाता**

*दाङ, १४ असोज*

दाङको घोराहीमा चाडपर्व लक्षित सुपथ मूल्य पसलमा उपभोक्ताको आकर्षण बढ्दै गएको छ। दसैं, तिहार तथा छठपर्व नजिकिएसँगै दाङमा सरकारले सञ्चालन गरेको सुपथ मूल्य पसलमा उपभोक्ताको आकर्षण बढ्न थालेको हो।

चाडपर्वका लागि आवश्यक दैनिक उपभोग्य वस्तु खरिद गर्ने उपभोक्ताको सङ्ख्या बढेसँगै साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड घोराहीको सुपथ मूल्य पसलमा नुन र चिनी खरिद गर्नेको भीड बढ्न थालेको छ। बजारमा भन्दा सस्तोमा चिनी र नुन पाइने भएकाले आफू खरिद गर्न आएको घोराही उपमहानगरपालिका-१५ की निर्मला मगरले बताइन्। सरकारले चिनी र नुनमात्र नभई अन्य सामग्री पनि सहुलियतमा बिक्री गर्नुपर्ने उनको भनाइ छ। यसले उपभोक्तालाई सहज हुने उनले बताइन्।

अर्का उपभोक्ता घोराही-७ का निर्मल केसी पनि सुपथ मूल्य पसलबाट नुन र चिनी खरिद गर्न पाउँदा खुसी लागेको बताउँछन्। अन्यत्रभन्दा केही छुट भएका कारण थोरै भए पनि राहत मिलेको उनको भनाइ छ।

दैनिक खरिद गर्न आउनेको सङ्ख्या वृद्धि हुँदै गएको साल्ट ट्रेडिङ घोराहीका प्रमुख रामबाबुप्रसाद गुप्ताले जानकारी दिए। सुरुका दिनमा कम भए पनि पछिल्ला दिनमा भीड बढ्दै गएको उनको भनाइ छ। अहिले दैनिक ३०० भन्दा बढी उपभोक्ता आउने गरेको उनले बताए।

सुपथ मूल्य पसलबाट सर्वसाधारणले प्रतिकिलो चिनी रु. १०० र नुन प्रतिकिलो रु. २४ मा खरिद गर्न सक्ने व्यवस्था गरिएको छ। बजारमा हाल चिनी प्रतिकिलो करिब रु. १४० मा बिक्री हुँदै आएको उपभोक्ताको भनाइ छ। त्यसैगरी नुन पनि बजारमा प्रतिकिलो रु. ३० मा बिक्री हुँदै आएको उनीहरू बताउँछन्।

बजार मूल्यको तुलनामा सुपथ मूल्य पसलबाट चिनी र नुन खरिद गर्दा उपभोक्ताले केही रकम बचत गर्न सक्नेछन्। साल्ट ट्रेडिङले एक जना उपभोक्ताले एकपटकमा नुन अधिकतम छ किलो र चिनी अधिकतम छ किलोसम्म खरिद गर्न सक्ने व्यवस्था गरेको छ।

साल्ट ट्रेडिङले यही असोज १ गतेदेखि दसैं, तिहार तथा छठपर्वलाई लक्षित गरी सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको हो। साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले विर्तामोड, विराटनगर, राजविराज, लहान, जनकपुर, वीरगञ्ज, हेटौँडा, नारायणगढ, त्रिशूली, पोखरा र बागलुङमा दसैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै सुपथ मूल्य पसल सञ्चालन गरेको छ।

## कांग्रेस...

जानकी गाउँपालिका उपाध्यक्ष राम प्यारी यादव भने पराजित हुनु भएको छ। अपाङ्गबाट जितेन्द्र विक्रम शाह, शरद रेग्मी, युवा तर्फबाट उपेन्द्र बहादुर विष्ट र यज्ञ बहादुर खत्री, अल्पसंख्यकबाट निखल बैगार, दलित तर्फबाट पुष्पा विक, खस आर्यबाट कुँवर बब्बन सिंह, तेजेन्द्र कँडेल र थारुबाट चन्तराम थारु निर्वाचित हुनु भएको छ।

## सुशील...

क्यान्सर उपचारका क्रममा गम्भीर अवस्थामा पुगेका बिरामीको उपचारलाई ध्यानमा राखेर अस्पतालमा सघन उपचार कक्ष, भेन्टिलेटर तथा बिरामीको निरन्तर निगरानीको व्यवस्था रहेको अस्पतालले जनाएको छ। विभिन्न प्रकारका परीक्षण तथा उपचार सेवा एउटै अस्पतालबाट उपलब्ध हुन थालेपछि बाँकेसहित पश्चिम नेपालका अन्य जिल्लाका बिरामीलाई उपचारमा सहजता भएको अस्पतालको भनाइ छ।

रेडियोथेरापी सेवा लामो समय बन्द हुँदा उपचारका लागि अस्पतालमा आउने बिरामीलाई थप खर्च, समय र आवतजावतको समस्या हुने गरेको थियो। दुवै उपकरण सञ्चालनमा आएपछि क्यान्सर उपचारका लागि बाहिरी जिल्लाबाट खजुरा आउने बिरामीलाई सुविधा पुग्ने अपेक्षा गरिएको छ।

अस्पतालका सूचना अधिकारी डा. गुप्ताका अनुसार रेडियोथेरापी सञ्चालनमा आएसँगै अब क्यान्सरका बिरामीलाई काठमाडौं, भक्तपुर, चितवन र भरतपुर जानुपर्ने बाध्यता हटेको छ।

# पदकधारी कराते खेलाडी स्वदेश फिर्ता




**कालपृष्ठ समाचारदाता**

*काठमाडौं, १४ असोज*

जापानको दुई फरक सहरमा भएको अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा पदक जित्न सफल खेलाडीसहितको नेपाली टोली मंगलबार स्वदेश फर्किएको छ।

जापानको नागोयामा सेप्टेम्बर २० देखि २३ तारिखसम्म भएको २० औं एसियाली खेलकुद तथा योकोहामामा सेप्टेम्बर २५ देखि २७ तारिखसम्म भएको ११ औं सितोरियो कराते डो अन्तर्राष्ट्रिय च्याम्पियनसिपका पदक विजेतासहितको टोली मंगलबार राती १०:५१ बजे त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो। दुवै प्रतियोगितामा नेपालबाट ३ पुरुष र ५ महिला गरी ८ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। एसियाड खेलेका खेलाडीनै योकोहामामा भएको प्रतियोगितामा पनि सहभागी भएका थिए।

एसियाली खेलकुदको करातेमा नेपालका तेन्जिङ शेर्पाले मात्र पदक जिते। उनले पुरुष ८४ केजीमाथि कांस्य पदक जितेका थिए। तेन्जिङको पदक २० औं एसियाडमा नेपालले जितेको पहिलो पदक हो। तेश्रो स्थानका लागि भएको प्रतिस्पर्धा तेन्जिङले लाओसका खेलाडीलाई ९-१ ले पराजित गर्दै कांस्य पदक पक्का गरेका थिए।

समग्र एसियाडको करातेमा तेन्जिङ पदक दिलाउने पाँचौ खेलाडी हुन्। यसअघि एसियाडमा करातेले १ रजत र ३ कांस्य जितेको थियो। १९९४ को हिरोसिमा एसियाडमा सीता राई, १९९८ को बैंकक एसियाडमा समरबहादुर गोले र सन् २०१४ को इन्चोन एसियाडमा विमला तामाङले कांस्य तथा सन् २०२२ को हाङझाव एसियाडमा एरिका गुरुङले रजत जितेका थिए।

आठै खेलाडीले प्रतिस्पर्धा गरेको योकोहामाको प्रतियोगितामा नेपालले २ स्वर्ण, १ रजत र ३ कांस्य गरी ६ पदक जितेको थियो। नेपालले व्यक्तिगत स्पर्धामा ४ र टिम स्पर्धामा २ गरी ६ पदक हात पारेको थियो।

महिला ६८ केजीमाथि एरिका गुरुङ र पुरुष ६० केजीमुनि राकेश मानन्धरले नेपाललाई स्वर्ण दिलाए। महिला ६८ केजीमुनि निरूपा दोङ तामाङले रजत तथा पुरुष ६७ केजीमुनि मिनबहादुर तामाङले कांस्य जिते।

दोहोरो पदक जितेका एरिका र निरूपाले महिला टिम कुमुते पनि कांस्य हात पारे। यो स्पर्धामा उनीहरूसहित मेघा लिम्बू, एलिसा रास्कोटी मगर र सानुमाया थिङले प्रतिस्पर्धा गरेका थिए। मेघा, एलिसा र सानुमायाले महिला टिम काता पनि कांस्य प्राप्त गरे।

एसियाली खेलकुदमा भाग लिएपछि नेपाली टोली जापानको नागोयाबाट योकोहामा भएको प्रतियोगितामा सहभागी भएको थियो।

पदक विजेता तेन्जिङले आफूले कराते यात्रा सुरु गरेको बौद्ध डोजोलगायत सहयोगी सम्पूर्णलाई धन्यवाद दिदै अझ लामो यात्रा तय गर्न बाँकी रहेको बताए।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव रामचरित्र मेहता, युवा तथा खेलकुद मन्त्रालयका प्रमुख सल्लाहकार सिद्धी व्यञ्जनकार र सल्लाहकार राजु सिंह, राखेप कार्यकारी समितिकी सदस्य सिक्का सुवाल श्रेष्ठ, राखेपका सदस्य मोनालिशा खम्बु र ललिता नाथ, नेपाल कराते महासंघका पदाधिकारी, खेलाडी, प्रशिक्षक, परिवारजनलगायतले स्वागत गरेका थिए।

खेलाडीसंगै टोलीका व्यवस्थापक कराते महासंघका अध्यक्ष युवराज लामा, कराते महासंघका महासचिव दावा गुरुङ तथा प्रशिक्षकद्वय कुशल श्रेष्ठ र मन्डेकाजी श्रेष्ठ पनि स्वदेश फर्किएका छन्।

# विजय पुरुष कायाक एकलको फाइनलमा

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १४ असोज*

नेपाला विजय माझी २० औं एसियाली खेलकुदको कनोइ स्लालमअन्तर्गत पुरुष कायाक एकलको फाइनल चरणमा प्रवेश गरेका छन्।

याहागिगावा कनोइ स्लालम कोर्समा बुधबार भएको सेमिफाइनल चरणको खेलमा २७५.७३ स्कोरका साथ १६ औं स्थानमा रहेर विजय फाइनल चरण प्रवेश गरेका हुन्।

सेमिफाइनलमा सहभागिता जनाएका अर्का नेपाली खेलाडी आशिष राना मगर भने फाइनल प्रवेशमा सफल भएनन्।

विजय १६ औं स्थानका साथ फाइनल चरण पुग्दा आयोजक जापानका युकी तानाका ९१.७१ स्कोरका साथ शीर्ष स्थानमा रहेर




फाइनल प्रवेश गरेका छन्।

अघिल्लो दिन मंगलबार विजय र आशिश दुवैले पहिलो चरणमा सफलता हासिल गर्दै सेमिफाइनलमा स्थान बनाएका थिए। विजय २०२.६ स्कोरका साथ १५ औं तथा २११.८६ स्कोरका साथ आशिष १६ औं स्थानमा रहेर सेमिफाइनल प्रवेश गरेका थिए।

**जुडोमा नेपालको कमजोर प्रदर्शन**

२०औं एसियाली खेलकुदको जुडोतर्फ नेपालले कमजोर प्रदर्शन गरेको छ। बुधबार आइची अन्तर्राष्ट्रिय एरिनामा भएको खेलमा नेपालका चार खेलाडीले लगातार कमजोर प्रदर्शन गर्दै पहिलो चरणबाटै बाहिरिएका छन्।

एसियाली खेलकुदमा बुधबारबाट जुडोका प्रतिस्पर्धा सुरु भएका हुन्।

महिला ४८ केजीमूनीको प्रतिस्पर्धामा निशा श्रेष्ठ हङहङकी वोङ कालीसँग इप्पोनको आधारमा पराजित भइन्। ५२ केजीतर्फको महिला प्रतिस्पर्धामा देवकी माया श्रेष्ठ भियतनामकी लाम थि ग्गान हासँग युकोको आधारमा पराजित भएकी हुन्।

यता, पुरुषतर्फको ६६ केजीमूनी विशेष विक हङकङकै वोङ काकीसँग वाजा अरीको आधारमा पराजित भए। यस्तै, ६६ केजीमूनी इप्पोनकै आधारमा विकास विक उज्वेकिस्तानका खुचकरोभ समारिदिनसँग पराजित भएका छन्।

अब, नेपालकी पुनम श्रेष्ठले ५२ केजीमूनी र सुजन गुरुङले ९० केजीमूनी बिहीबार आफ्नो चूनौती प्रस्तुत गर्नेछन्।

# चीनमा नेपाली तेक्वान्दो टोलीको उत्कृष्ट प्रदर्शन

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १४ असोज*

चीनको हाइनान प्रान्तको वानिङ सहरमा सम्पन्न अन्तर्राष्ट्रिय युवा तेक्वान्दो प्रतियोगितामा नेपाली खेलाडीले उत्कृष्ट प्रदर्शन गर्दै सात स्वर्णसहित विभिन्न पदक जितेका छन्।

सेप्टेम्बर २५ देखि २७ सम्म जिङलोङ झोङआओ स्पोर्ट्स स्टेडियममा भएको प्रतियोगितामा १८ सदस्यीय नेपाली टोलीले क्योरुगी र पुम्से विधामा प्रतिस्पर्धा गरेको थियो।

प्रतियोगितामा नयाबजार तेक्वान्दो डोजाङका प्रमुख प्रशिक्षक तथा खेलाडी प्रबिन श्रेष्ठले व्यक्तिगत पुम्सेमा स्वर्ण पदक जित्नुभएको छ। यस्तै मोहम्मद सामी र केनिश खड्काले पुरुष ४५ केजी क्योरुगी, सुस्ती बि.के र सोया चक्रधरले महिला ५९ केजी क्योरुगी, श्रेयस तिवारीले १५-१७ वर्षको व्यक्तिगत पुम्से तथा सुबिन सापकोटाले १२-१४ वर्षको व्यक्तिगत पुम्सेमा स्वर्ण जित्नुभएको छ।

शुभम रायमाझीले १५-१७ वर्षको व्यक्तिगत पुम्से र ६८ केजी क्योरुगी तथा प्रिन्स बोगटीले अन्डर-२८ केजी क्योरुगीमा रजत पदक जित्नुभएको छ। सुजल लो तामाङले १२-१४ वर्षको व्यक्तिगत पुम्सेमा पनि रजत पदक प्राप्त गर्नुभएको छ।

कांस्यतर्फ निर्भिग्ना घिमिरेले अन्डर-३३ केजी क्योरुगी तथा १२-१४ वर्षको पुम्से, प्रिन्स बोगटीले १०-१२ वर्षको पुम्से तथा सृष्टि शेर्पाचनले क्योरुगीमा पदक जित्नुभएको छ।

यस प्रतियोगितामा प्रबिन श्रेष्ठले खेलाडी तथा प्रशिक्षक दुवै भूमिकामा नेपाली टोलीको प्रतिनिधित्व गर्दै व्यक्तिगत पुम्सेमा स्वर्ण जितेर नेपालको अन्तर्राष्ट्रिय तेक्वान्दो यात्रामा अर्को उपलब्धि थप्नुभएको छ।

आईडी कार्ड मात्र
रू. १५०/-







सम्पर्कः
मो. ९८५८०४१२१०, ९८५८०५९५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

# मदन भण्डारी कप भलिबलमा पुलिसको दोस्रो जित

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १४ असोज*

विभागीय टोली नेपाल पुलिस क्लबले बुटवलमा जारी मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगितामा लगातार दोस्रो जित निकालेको छ। बुटवलको बिआइसिसी सम्मेलन केन्द्रमा बुधबार भएको खेलमा पुलिसले खैरा भलिबल क्लब पन्जाबलाई ३-१ को सेटमा हराएको हो।

पुलिसले खैरामाथि २६-२४, २६-२४, २०-२५, २५-१९ को नतिजा निकाल्यो। समूह ‘ए’ मा लगातार दोस्रो जितसँगै पुलिसको सेमिफाइनल सम्भावना बलियो बनेको छ। यसै समूहको अर्को खेलमा मणिमुकुन्द भलिबल क्लबले श्रीलंका पुलिस क्लबलाई ३-० को सेटमा हरायो। मणिमुकुन्दले श्रीलंका पुलिसमाथि २५-१९, २५-२०, २५-१६ को जित निकाल्यो। मणिमुकुन्द भलिबल क्लबको यो पहिलो जित हो। श्रीलंकाको यो लगातार दोस्रो हार हो। समूहको पहिलो खेलमा श्रीलंकन टोली नेपाल पुलिस क्लबसँग ३-० को सेटमा पराजित भएको थियो।

यस्तै समूह ‘बी’ अन्तर्गत बुधबार भएको खेलमा सभापोखरी भलिबल क्लबले भारतको गुजराज क्लबलाई ३-० को सोझो सेटमा हरायो। भारतीय खेलाडीकै बर्चस्व रहेको सभापोखरी क्लबले गुजराजमाथि २५-१८, २५-१३, २५-२१ को जित निकालेको थियो।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीले आयोजना गरेको प्रतियोगितामा विदेशका तीन र नेपालको चार गरी सात टोलीको सहभागिता रहेको छ। असोज १७ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले रनिङ्ग शिल्डसहित सात लाख रुपियाँ र उपविजेताले तीन लाख ५० हजार रुपियाँ पुरस्कार प्राप्त गर्नेछ।

यस्तै, तेस्रो हुनेलाई एक लाख ७५ हजार रुपियाँ तथा सान्त्वना पुरस्कार स्वरूप ७५ हजार रुपियाँ, कप, मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजक एकेडेमीका अध्यक्ष ध्रुब आचार्यले जानकारी दिनुभयो।

प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई १५ हजार रुपियाँ, ब्यक्तिगत विधातर्फ उत्कृष्ट स्पाइकर, सेटर, सर्भर, ब्लकर, डिफेन्डर र उत्कृष्ट प्रशिक्षकलाई जनही आठ हजार रुपियाँसहित सम्मान गरिने आयोजकले जनाएको छ।

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।